राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असार ४

## संविधान बमोजिम व्यक्तिको मानव अधिकार संरक्षण गर्न ध्यानाकर्षण

सशस्त्र प्रहरी बलले पक्राउ गरेको व्यक्तिलाई सोही निकायले पक्राउ पूर्जी दिन हुने वा नहुने भन्ने विषयमा सञ्चार माध्यमहरूमा आएका विभिन्न विचार तथा अभिव्यक्तिहरू प्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । मुलुकमा मानव अधिकारको संरक्षण र सम्वर्धनका सुनिश्चितताको जिम्मेवारी पाएको यस संवैधानिक निकायले प्रचलित संवैधानिक, कानूनी तथा मानव अधिकारका अन्तर्राष्ट्रिय भावना र मूलमर्म अनुरुप आफ्नो धारणा प्रष्ट्याउन आवश्यक भएको छ ।

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २४(२) ले अपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई पक्राउ गर्न सशस्त्र प्रहरी बललाई अख्तियारी दिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(१) ले कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने प्रत्याभूति गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८, नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा ९(२) तथा संयुक्त राष्ट्र संघद्वारा पारित थुना तथा कारागारमा रहेका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी सिद्धान्तहरू, १९८८ को सिद्धान्त नं. १० समेतले विना सूचना पक्राउ गर्नु मानव अधिकारको गम्भीर उल्लंघन मानेको छ ।

अतः माथि उल्लेख गरिएका मानव अधिकारको मूलभूत सिद्धान्तको परिप्रेक्ष्यमा हाल पक्राउ गर्ने अख्तियारी पाएको निकायले पक्राउ गर्नु पर्नाका कारण सहितको सूचना नदिई कसैलाई पनि पक्राउ गर्न नहुने कुरामा विवाद हुनु अनुचित देखिन्छ । यस्तो निर्विवाद कुरामा सरकारका सुरक्षा निकायहरू बीच नै मतमतान्तर सार्वजनिक हुनु मानव अधिकारको सुनिश्चितताको लागि सहयोगी नहुने आयोगले महसुस गरेको छ । तर सशस्त्र प्रहरी बललाई पक्राउ गरिएको विषयमा अनुसन्धान गर्न मूल ऐनले नै अधिकार नदिएको र सो मानव अधिकारको सिद्धान्त अनुकूल नहुने कुरामा पनि आयोग सम्बन्धित पक्षको मिति २०७२/३/४ को निर्णयानुसार ध्यानाकर्षण गराउँछ । यस सम्बन्धमा आजै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह

मन्त्रालय र कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयलाई पत्र लेखी ध्यानाकर्षण गराइएको छ ।

यसै गरी, गोरखाका भूकम्पपीडितहरूलाई गुणस्तरहीन खाद्यान्न वितरण गरेको भन्ने समाचार तथा मानव बेचबिखन, आगजनी लगायतका गम्भीर प्रकृतिका मुद्दाहरू समेत नेपाल सरकारले फिर्ता लिने भन्ने समाचारहरूको सत्यतथ्य सम्बन्धमा आयोगले आजै नेपाल सरकारसँग जानकारी माग गरेको छ ।

(वेदप्रसाद भट्टराई)
का.मु. सचिव